# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, भदौ १ गते, २०७५ साल (अतिरिक्ताङ्क १६

## भाग २

## सर्वोच्च अदालतको

## सूचना

सर्वोच्च अदालतले मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २८६ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको अनुसूचीमा देहायबमोजिम हेरफेर गरेको छः-

१. अनुसूची -१ को दाँया शीर भागमा रहेको अदालत/कार्यालयले भर्ने, 'दर्ता नं.' भन्ने शब्दमा "दर्ता" भन्ने शब्द अघि "मुद्दा" भन्ने शब्द थपी सोही अनुसूचीको

फिरादपत्र पछिको "........... सालको दे.दा.नं..........." भन्ने शब्दहरु झिकिएका छन्।

२. अनुसूची-४ को अदालत/कार्यालय भन्ने हरफको पछि "मुद्दाः" भन्ने हरफ र सो हरफ भन्दा पछि "मुद्दा नं." भन्ने हरफ थपिएको छ।

३. अनुसूची-५ को दायाँतर्फ शीर ब्यहोरामा "मुद्दाः" भन्ने हरफ र सो हरफ भन्दा पछि "मुद्दा नं." भन्ने हरफ थपिएको छ।

४. अनुसूची -६ को प्रकरण (घ) को शीर्षकमा रहेको "व्यक्ति" भन्ने शब्दको पछि "र घरद्वार" भन्ने शब्दहरू थपिएका छन्।

५. अनुसूची -१२ को शीर व्यहोरामा "मुद्दा" भन्ने शब्द रहेको हरफ पछि "मुद्दा नं.:" भन्ने शब्दहरू राखी हरफ थपिएको छ ।

६. अनुसूची-१९ को शुरुमा रहेको"इजलास" भन्ने शब्द अगाडि "माननीय जिल्ला न्यायाधीश........../........." भन्ने हरफ र अन्तिममा रहेको "इतिसंवत्........." भन्ने हरफको मुनी बायाँतर्फ "प्रमाणीकरण मितिः..........." भन्ने शब्दहरु थपी हरफ थपिएको छ।

७. अनुसूची -२२ मा रहेका "जारी भएको" भन्ने शब्दहरु पछि "पन्ध्र दिने" भन्ने शब्दहरु र "अदालत/कार्यालयमा" भन्ने शब्दहरु पछि "बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र" भन्ने शब्दहरू थपिएका छन्।

८. अनुसूची-२३ को अन्तिममा रहेको "इतिसंवत्........." भन्ने हरफको मुनी बायाँतर्फ "प्रमाणीकरण मितिः..........." र

दायाँतर्फ "अदालतको छाप" भन्ने शब्दहरु थपी हरफ थपिएको छ।

९. अनुसूची -२४ को ठाउँ ठाउँमा रहेका "एक्काईस" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ।

१०. अनुसूची-२५ मा रहेको "पन्ध्र" भन्ने शब्दको सट्टा "सात" भन्ने शब्द राखिएको छ।

**आज्ञाले,**
**महेन्द्रनाथ उपाध्याय**
**रजिस्ट्रार**
**सर्वोच्च अदालत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार